

# मानव अधिकार/मानव अधिकारको विश्वव्यापी घोषणा-पत्र

**प्रमिला अधिकारी**
**आदर्श विद्या मन्दिर उच्च माध्यमिक विद्यालय**

मानिस प्रकृतिको सुरम्य रचना हो । भनिन्छ, मानिस सहिष्णुता, करुणा, अनुराग, विवेक, परसेवा जस्ता आदर्श विचारहरुले सुशोभित प्राणी हो , जसमा प्रकृति आमाको आस्था र गर्व छ । तर, सबै जग्मगाउने वस्तुहरु हीरा नहुने वास्तविकतालाई पनि स्वीकार्नु नै छ । हो, मानिसको रुपमा जन्मेर पनि लज्जास्पद आचरणहरुलाई सक्रिय तुल्याउन क्रियाशिल रहनेहरु बहुसंख्यक छन् । मानिसहरुलाई स्वार्थले यति मदहोश बनाउँदै लगेको छ की उनीहरु न्याय र अन्यायको भेद छुट्याउन सक्दैनन् । शायद यस्तै व्यक्तिहरुका लागि नै अन्धो र अपाङ्ग भन्ने शब्द जन्मिएका हुन् । अरुहरुको जन्मसिद्ध अधिकारलाई कुल्चेर आफू अग्रसर हुने प्रवित्ति भएकालाई 'दानव' संज्ञा नै उचित हुन्छ । तसर्थ, समाजमा दुई किसिमका मानिस रहेको हुन सक्दछन् । एक वर्गका मानिस अरुलाई शोषण र शासन गर्दछन् भने अर्को वर्गका मानिस शोषित र उत्पीडित हुन्छन् । यस्तो वर्गीय, जातिय, सामाजिक भेदभाव ऐन कानून दुर्बल भएको भूमिमा झाङ्गिन सक्दछ ।

जननीको ममताले सबैलाई स्वतन्त्रता र समानताको सौगात दिएको छ । त्यसैले हरेक मानिस बैचारिक, सामाजिक, राजनीतिक, सांस्कृतिक स्वतन्त्रताको हकदार हो । तर यो हक सबैले उपभोग गर्न पाएका छैनन् । यसकारण की विद्यमान सत्य र न्याय पनि नरपिशाचको कारागारमा संघर्ष गर्दैछन् । मानिसले आफूलाई सर्वोपरि ठानेको छ । सत्यलाई झूठको परिधान लगाइदिएका र सत्यको अस्मिता मेटिदैन भन्ने उसले बिर्सेको छ । अरुहरुको अधिकारलाई आफ्नो नियन्त्रणमा राख्ने दुष्प्रयास भएको छ । यस्ता अनुचित र असत्य क्रियाकलापको आयु क्षणभङ्गुर हुन्छ । हिलोमा पनि कमलले माधुर्यता प्रदान गरेझैं समाजका विकृतिहरुलाई निर्मूल गर्न आदर्श पुरुषहरु पनि जिउँदै छन् । यिनीहरुले मानव अधिकारलाई परिभाषित गरेर एकाधिकारको निकृष्टतालाई अन्त्य गर्ने प्रयत्न गरेका छन् । विश्वलाई जंजिरमुक्त बनाउन खोजेका छन् ।

मानव अधिकार भनेका त्यस्ता कानूनी परम्परागत वा नैतिक रुपमा प्राप्त न्यायोचित दावी, हक हुन् जसले हरेक व्यक्तिको जीवनमा सार्थकता प्रदान गर्दछ । मानव अधिकार व्यक्तिको स्वतन्त्रता, समानता र मर्यादाको प्रतिनिधि हो । संविधान र कानून मानव अधिकारको सुरक्षाका लागि तैनाथ सुरक्षाकर्मी हुन् । कानून र संविधान कुनै व्यक्तिविशेषको अधीनमा नभई सम्पूर्ण मानव जगतको हितमा निहित हुनुपर्दछ । मानव अधिकार 'व्यक्ति' र राज्य बीचको सम्वन्ध हो । मानव अधिकारमा "व्यक्ति" अधिकार प्राप्तकर्ता हुन्छ भने "राज्य" कर्तव्य निर्वाहक हुन्छ । नेपाल अधिराज्यको संविधान २०४७ को प्रस्तावनामा आधारभूत मानव अधिकार सुरक्षित गरिएको छ भने भाग ३ अन्तर्गतको धारा ११ देखि २३ सम्म यस्ता अधिकारहरुको व्यवस्था गरिएको छ । ती अधिकारहरुलाई मौलिक अधिकार भनिन्छ । मानव अधिकार भित्र मानिसको जन्मसिद्ध अधिकार तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनद्वारा प्रदान गरिएका अधिकारहरु पर्छन् । मानव अधिकारको पालना र सम्मानमै मानवता जिवित रहेको हुन्छ ।

जीवनले आफ्नो सार्थकता र स्वाभिमान तब मात्र पाउन सक्छ जब आन्तरीक स्वतन्त्रताले सिर्जनाको मूल फुटाउँछ । प्रतिभा र विवेकले सम्मान प्राप्त गर्छन् अनि परिश्रमले आफ्नो पसिनाको उचित मूल्य पाउँछ । मानव अधिकारको दृष्टिपथमा सबै बराबर हुन् । कामी, दमाई, सुनुवार, सम्पूर्ण जातिले देशको विकास उपभोग गर्न पाएका हुन्छन् । मानव अधिकारको धरातलमा न्याय निर्धक्क सँग उभिएको हुन्छ । भेदभाव र अन्यायका विरुद्ध मानव अधिकार सशक्त रुपले डटेको छ । सुरक्षा, पहिचान र सहभागिता मानव अधिकारका मेरुदण्ड हुन् । मानव अधिकारको घोषणाले अश्वेतजाति, दासहरु, मजदुरहरु, श्रमिकहरु, गरिबहरु लगायत सबै जातिको दीपिका बालेको छ । हरेक व्यक्ति देशको महत्वपूर्ण अङ्ग हो । देशको शक्ति देशवासीले परिचालन गर्न पाउनुपर्दछ । मानिसको चौतर्फी विकास गर्नका निमित्त मानव अधिकारको विश्वव्यापी घोषणा भएको हो ।

एलेनर रुजभेल्टको अथक प्रयासद्वारा सन् १९४८ डिसेम्बर १० मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र पारित भयो । यस घोषणापत्रमा ३० वटा धाराहरु छन् । यी धाराहरुले जन्मजात स्वतन्त्रता, समान प्रतिष्ठाको अधिकार, भेदभाव विरुद्धको अधिकार, व्यक्तिगत स्वतन्त्रता र आत्मसुरक्षाको अधिकार, दासत्व विरुद्धको अधिकार, यातना र उपेक्षित व्यवहार विरुद्धको अधिकार, व्यक्तिको रुपमा मान्ने अधिकार, समान संरक्षणको अधिकार, कानूनी उपचारको अधिकार, देशनिकाला, गिरफ्तार, नजरबन्द विरुद्धको अधिकार, निष्पक्ष सुनुवाइको अधिकार, निर्दोषिताको अधिकार, गोपनीयताको अधिकार, आवत-जावतको अधिकार, अर्को राष्ट्रमा शरण खोज्ने अधिकार, राष्ट्रियताको अधिकार, विवाह र परिवारको अधिकार, सम्पत्ति राख्ने अधिकार, धार्मिक अधिकार, विचार र अभिव्यक्तिको अधिकार, शान्तिपूर्ण सभागर्ने र संस्था खोल्ने अधिकार, मतदानको अधिकार, जागिरमा समान प्रवेश पाउने अधिकार, सरकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भाग लिन पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, पेशाचयन, समान पारिश्रमिक र ट्रेड युनियनमा भाग लिनपाउने अधिकार, विदा, विश्राम र आरामको अधिकार, गाँस, वास, कपासको अधिकार, शिक्षाको अधिकार, वैज्ञानिक, साहित्य र कलाको उपभोग गर्न पाउने अधिकार, घोषणापत्रमा उल्लेखित हक प्राप्त गर्ने अधिकारहरुलाई व्याख्या गरेको छ । आफ्नो अधिकार प्राप्तिको नाममा अरुको अधिकारलाई शोषण गर्नु अन्यायको कारक बन्नु हो ।

मानव अधिकारको घोषणापत्र प्रमोदको विजारोपण हो, जीवन र माधुर्यताको मिलनबिन्दु हो । तर मानव अधिकारको जगेर्ना र संवर्द्धन गर्नु राष्ट्रको पहिलो कर्तव्य हो । कुनै राष्ट्रले मानव अधिकारलाई संविधानमा कुण्ठित गर्छ भने त्यो जनताको द्वन्द्वले कयौं महिला, पुरुष, बालबालिकाको अधिकारहरुलाई मृत्युशैयामा पुचाएको छ । निरङकुशता र निकृष्टताले मानव अधिकारलाई दुर्घात तुल्याएको छ, निस्क्रिय बनाएकोछ । मानव अधिकारलाई आफ्नो महत्वकाङ्क्षा अनुरुप ढाल्न खोज्नेहरु पनि अपराधी हुन् । खाते बालबालिकाका निर्दोष नयन जल, किसानका कुण्ठित आक्रोश, पैसाधनीले पाउने न्याय, सत्यलाई दिइएको हिंस्रक यातनाले मानव अधिकारको रश्मिमा ग्रहण लगाउन खोजेका छन् । तसर्थ, समयले हामीलाई जागरणको विगुल फुक्न आह्वान गर्दैछ ।

निहत्या जनतालाई सन्तापको प्रलयाग्नीबाट जोगाउन प्रयासहरु नभएको होइनन्, तर त्यस्ता प्रयासहरु पनि अपर्याप्त छन् । राष्ट्रिय मानव अधिकार आयोग पनि अधिकार संरक्षणका लागि निरन्तर कार्यरत छ । देशले विकास तब मात्र देख्न पाउँछ, जब नागरिक सचेत हुन्छन् । तसर्थ, हाम्रो देशको सचेत वर्गले अज्ञानताको कुहिरोलाई च्यातेर चेतनाको किरणलाई अविरल बग्न दिनुपर्दछ । मानव अधिकारलाई कुण्ठित नपार्न हामी सबैको संघर्ष, त्याग, बलिदान र उत्सर्गको आवश्यकता पर्दछ । नेल्सन मन्डेला र अब्राहन लिङकन जस्ता व्यक्तिहरुको जीवनीबाट साहस र बहादुरी बटुलेर छुवाछुत विरुद्ध क्रान्ति दन्काउनु पर्दछ । हामी सब मिलेर प्रतिबोधको सुवासले सुगन्धित पार्नु पर्दछ । भौतिक विलासताको अन्धोपनलाई मानवताको भावले निर्मूल पार्नुपर्छ । विवेकलाई उजागर गरेर देशलाई विकासको गतिमा दौडाउनुपर्दछ । भ्रष्टाचार, देशद्रोहीहरुलाई मानवताको अपरम्पार शक्ति देखाऔं र न्यायको विजयीको पाठ पढाऔं ।